म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ | अङ्क:- १४६ | २०८३ वैशाख ६ गते आइतबार 19 April 2026, Sunday - | पृष्ठ ४ | मूल्य रु. ५/-

## अस्पतालबाट डिस्चार्ज भए ओली

काठमाडौं : नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली २१ दिनपछि त्रिवि शिक्षण अस्पतालबाट डिस्चार्ज भएका छन् । पत्थरीको शल्यक्रिया भएको ६ दिनपछि शनिबार साँझ उनी अस्पतालबाट डिस्चार्ज भएर भक्तपुरको गुण्डुस्थित निवास गएको उनको सचिवालयले जनाएको छ । गौरीबहादुर कार्की आयोगको प्रतिवेदनका आधारमा जेनजी आन्दोलनका घटनामा अनुसन्धान गर्न भन्दै प्रहरीले चैत १४ गते ओलीलाई पक्राउ गरेको थियो । पक्राउपछि काठमाडौं प्रहरीले उनलाई सोही दिन स्वास्थ्य जाँचका लागि त्रिवि शिक्षण अस्पताल लगिएको थियो । जहाँ स्वास्थ्यमा समस्या देखिएपछि उनी अस्पताल भर्ना भएका थिए । प्रहरीले अस्पतालमै हिरासतमा राखेर उनीमाथि अनुसन्धान अघि बढाएको थियो । त्यसैक्रममा ओलीपत्नी राधिका शाक्यले सर्वोच्च अदालतमा दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिटपछि अदालतको परमादेशमा ओली चैत २६ गते हिरासतमुक्त भएका थिए । अस्पतालमै प्रहरीले ओलीलाई पत्नी राधिकाको जिम्मा लगाएर हाजिरी जमानीमा रिहा गरेको थियो । तर, ओलीले त्यो दिन अस्पतालबाट डिस्चार्ज लिएनन् । त्यसअघि नै ओलीको पित्तथैलीमा पत्थरी देखिएको थियो । जसको शल्यक्रिया चैत ३० गते भएको थियो । त्यसयता ६ दिन अस्पतालमा उपचारपछि ओलीलाई अस्पतालले डिस्चार्ज गरेको हो ।

## बागमतीमा सभामुख चयनमा सकस

# 'डेडलाइन' नजिकिँदा पनि सत्तारुढ दलबीच जुटेन सहमति

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशसभाको सभामुख चयनका लागि संवैधानिक तथा कानुनी समयसीमा घर्किंदै जाँदा पनि सत्तारुढ दलहरुबीच सहमति जुट्न सकेको छैन । गत चैत २४ गते बसेको प्रदेशसभा बैठकमा तत्कालीन सभामुख भुवन कुमार पाठकको राजीनामा औपचारिक रुपमा पेस भएसँगै नयाँ सभामुख चयनको काउन्टडाउन सुरु भएको हो ।

संविधानको व्यवस्था अनुसार आगामी वैशाख ९ गतेभित्र सभामुख चयनको प्रक्रिया सुरु गर्नपर्ने वाध्यात्मक परिस्थिती रहेको छ । उक्त बाध्यात्मक परिस्थिति अनुसार सभामुख चयनका लागि कार्यसुचि बैशाख ९ गतेभित्र ल्याइसक्नुपर्ने हुन्छ । तर, प्रदेश सभामा सभामुख पाठकको राजीनामा पेस भएको १० दिन बितिसक्दा पनि सत्तारुढ प्रमुख घटक नेकपा एमाले र नेपाली कांग्रेसबीच औपचारिक छलफल समेत हुन सकेको छैन । हालसम्म दुई दल बिच सभामुख कुन दलले सभामुख लिने भन्नेमा शक्ति सन्तुलन मिल्न सकेको छैन ।

तत्कालीन सभामुख पाठकले गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको क्रममा आफ्नो पदबाट राजीनामा दिने घोषणा गरेका थिए । उनले असोज १ गते इमेलमार्फत आफ्नो राजीनामा पत्र बुझाएका थिए । प्रदेश सभा सचिवालयले उक्त राजीनामाको बारेमा मंसिर ४ गते सार्वजनिक सूचना जारी गरेको थियो ।

त्यसअघि, प्रदेश सभा बैठक चल्न नसकेको अवस्थामा सरकारले मंसिर ३ गते अधिवेशन अन्त्य गर्ने निर्णय गरेको थियो । सोही समयमा उपसभामुख अप्सरा चापागाईंले सभामुखको राजीनामाबारे सार्वजनिक सूचना जारी गरेकी थिइन् । हाल उनले नै प्रदेशसभाको कार्यवाहक सभामुखको जिम्मेवारी सम्हाल्दै आएकी छिन् ।

विगत ९ महिनादेखि बन्द अवस्थामा रहेको बागमती प्रदेशसभा बैठक चैत २४ गतेदेखि मात्र पुनः सञ्चालनमा आएको हो । उक्त बैठकमा सभामुखको राजीनामाको विषयले औपचारिक रुपमा प्रवेश पाएको थियो । प्रदेश सभा बैठक सुचारु भएपछि राजनीतिक निकास निस्कने अपेक्षा गरिए पनि सत्तारुढ दलहरुभित्रको आन्तरिक खिचातानीले गर्दा सभामुख चयन प्रक्रिया अन्योलमा परेको छ । सत्तारुढ दल एमाले र कांग्रेसभित्र सभामुख पद कुन दलले पाउने र उम्मेदवार को बन्ने भन्ने विषयमा अझै ठोस सहमति हुन सकेको छैन ।



प्रभात तामाङ

**प्रदेश सभा बैठक सुचारू भएपछि राजनीतिक निकास निस्कने अपेक्षा गरिए पनि सत्तारुढ दलहरूभित्रको आन्तरिक खिचातानीले गर्दा सभामुख चयन प्रक्रिया अन्योलमा परेको छ ।**



जगन्नाथ थपलिया

### हतार गर्नुपर्ने अवस्था छैनः थपलिया

नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले प्रदेश सभामुखको चयन र सत्तारुढ दलहरु बीचको शक्ति बाँडफाँडको विषयलाई आपसी समझदारीका आधारमा टुंग्याइने बताए । सभामुख चयनका लागि कानुनी रुपमा कुनै हार्ड एण्ड फास्ट समयसीमा नरहेको र उपसभामुखले सदन चलाइरहेकाले यसमा आत्तिनुपर्ने अवस्था नरहेको उनले बताए ।

नेता थपलियाले सभामुख चयनको प्रक्रिया र सत्ता साझेदारीका विभिन्न विकल्पहरुमा सत्तारुढ दलहरु बीच छलफल भइरहेको बताए । कांग्रेस र एमाले बीच भएको भद्र सहमति कार्यान्वयन विषयमा पनि छलफल भएर अघि बढ्नुपर्ने उनको भनाई छ । सरकारको नेतृत्व आलोपालो गर्ने सहमतिको विषय पनि सयुक्त रुपमा अघि बढाउने गरी छलफलको क्रममा नै रहेको उनको भनाई छ ।

'सभामुख चयनका लागि निर्वाचन प्रक्रिया घोषणा भएको १५ दिनभित्र हुनुपर्ने प्रावधान भए पनि अहिलेसम्म प्रक्रिया नै सुरु नभएकाले हामीसँग समय छ । अहिले उपसभामुख हुनुहुन्छ, काम रोकिएको छैन । त्यसैले हतारमा भन्दा पनि शक्ति सन्तुलन र दलीय समझदारीलाई ध्यान दिएर हामी अगाडि बढ्छौं ।' उनले भने, 'सत्ता नेतृत्वको विषयमा दुई दल बिच छलफल हुनुपर्छ । पूर्व निर्धारित सहमती अनुसार हाम्रो पालो गत चैतमा आउनु पर्ने हो । सत्ताको नेतृत्व लिने विषयमा हामी आक्रामक छैनौँ । तर भएको समझदारी कार्यान्वयन हुनुपर्छ भन्ने हाम्रो अडान हो । यसबारे दुई दलीय संयन्त्रमा छलफल भइरहेको छ ।'

नेता थपलियाले कार्यपालिका र व्यवस्थापिकाको नियन्त्रण तथा सन्तुलनका लागि पनि मुख्यमन्त्री र सभामुख पद फरक-फरक दलले लिनु उपयुक्त हुने तर्क गरे । यदि मुख्यमन्त्री कांग्रेसकै रहने हो भने सभामुख एमालेले लिनुपर्ने उनको भनाई छ । उक्त विषय केही दिन वा एक महिनाभित्र परिपक्व ढंगले टुंगिने नेता थपलियाको भनाई छ ।

उनका अनुसार कुनै पनि पदका लागि हत्ते हाल्ने वा जिद्दी गर्ने भन्दा पनि परिपक्व निर्णयका साथ अघि बढ्नुपर्ने हुन्छ । मन्त्रिमण्डल हेरफेरको विषयमा पनि दलहरु बीच आन्तरिक छलफल भइरहेको तर तत्कालै कुनै निर्णय भइनसकेको उनको भनाई छ ।

### यही अधिवेशनमा टुंगिन्छ : मन्त्री तामाङ

बागमती प्रदेश सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले प्रदेशसभाको रिक्त सभामुख पदको चयन प्रक्रिया यही अधिवेशनबाटै सुरु भई टुङ्गिने बताए। सत्तापक्षीय दलहरूबीच सभामुख कसले पाउने भन्ने विषयमा रस्साकस्सी चलिरहेको अवस्थामा संविधानको व्यवस्था अनुसार सभामुख चयन प्रक्रिया चालू अधिवेशनबाटै सुरु हुने उनले बताए ।

मन्त्री तामाङले मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ र नेकपा एमाले संसदीय दलका नेताबीच संवाद भइरहेको बताए । नेपाली कांग्रेस संसदीय दलले सभामुख पद कांग्रेसले नै पाउनुपर्ने सर्वसम्मत निर्णय गरिसकेको र सोही अनुसार नतिजाका लागि दबाब बढिरहेको मन्त्री तामाङको भनाई छ उनका अनुसार उक्त विषयमा दलका नेताहरूबीचको छलफलबाटै निष्कर्ष निस्कने बताए ।

'बैठकहरू मुख्यमन्त्री र एमाले दलको नेताबीच भइरहेको छ । कांग्रेसको हकमा दलको नेताले नै कुरा टुङ्ग्याउने भन्ने निर्णय भएको छ । उहाँहरू छलफलमै हुनुहुन्छ । ठोस निष्कर्ष भने आइसकेको छैन ।' उनले भने, 'सभामुख चयनका विषयमा अडकल गरेर भन्नुभन्दा पनि संवादबाटै स्पष्ट हुने कुरा हो । समय निकै कम छ । यही अधिवेशनमा प्रक्रिया सुरु भएर सभामुखको विषय टुङ्गिन्छ ।'

# विद्यार्थीको असफलता शिक्षकको असफलता : प्रअ अर्याल



भरत अर्याल, प्रधानाध्यापक
बालज्योति मावि, हेटौंडा-५, पिप्ले

**विद्यालयको प्रगति र शैक्षिक गुणस्तर बढाउन विद्यालय व्यवस्थापन समिति, स्थानीय जनप्रतिनिधी, अभिभावक, सबैको समान र सक्रिय सहभागिता रहनु जरूरी**

नानीमाया सापकोटा

हेटौँडा : करिब १० वर्षअघि हेटौँडा-५ स्थित बालज्योति माविमा २ सय ४० जना विद्यार्थी अध्ययनरत थिए । तर अहिले बालज्योति माविमा करिब १ हजार ४ सय विद्यार्थी अध्ययनरत छन् । हिजो निजी विद्यालयमा आफ्ना बालबालिकाहरु पठाउने अभिभावकहरु आज बालज्योति माविमा आफ्ना बालबालिका भर्ना गराउन लालायित छन् ।

हेटौँडा उपमहानगरका अन्य सामुदायिक विद्यालयमा विद्यार्थी घटिरहेको अवस्थामा बालज्योति माविमा भने वर्षेनी विद्यार्थी संख्या बढिरहेको छ । यस वर्षको एसइइमा बालज्योति माविबाट १ सय जना विद्यार्थी सहभागी भएका छन् । अघिल्लो वर्ष १ सय २ जना विद्यार्थी एसईईमा सहभागी हुँदा ७६.५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए । एक जना ४ जिपिएसहित १५ जना विद्यार्थीले ए प्लस ग्रेड प्राप्त गर्न सफल भएका थिए । एसइइ मात्र होइन पालिकास्तरीय (कक्षा-८) परीक्षामा १ सय २० जना सहभागी भएकामा २ जना ४ जिपिएसहित २० जनाले ए प्लस ग्रेड प्राप्त गरेका छन् ।

यस किसिमको उत्कृष्ट नतिजा विद्यालयले सजिलै हासिल गरेको होइन । विद्यालयको व्यवस्थापन समिति, शिक्षक तथा स्थानीय अगुवाहरुको महत्वपूर्ण भूमिका रहेको प्रधानाध्यापक भरत अर्यालको बुझाइ छ । विद्यालयले १० वर्षअघि विद्यालयको नतिजा खस्कँदो अवस्थामा पुगेपछि कि विद्यालय अरु विद्यालयमा मर्ज गर्नैपर्ने वा जसरी पनि विद्यालयको पहिचान जोगाउनुपर्ने अवस्थामा विद्यालयले विशेष मिहिनेत गर्ने निर्णय लियो । सोही निर्णयले नै आजको बालज्योति माविको पहिचान बन्दै गएको प्रति प्रधानाध्यापक अर्याल खुसी व्यक्त गर्नुहुन्छ ।

अघिल्लो शैक्षिक सत्रमा विद्यालयले सोचेको र अपेक्षा गरेका अधिकांश योजना सफल भएको उहाँले बताउनुभयो । सुरुमा अंग्रेजी माध्यमबाट पठनपाठन सुरु गरेपनि क्रमशः विद्यार्थी संख्या बढ्न थाल्यो । अहिले विद्यालयका ५ वटा ब्लकहरुमा छुट्टा छुट्टै पठनपाठन हुन्छ । यि ब्लकमा खटिएका शिक्षकहरु आफ्नो जिम्मामा रहेको ब्लक नाघेर अन्त जाँदैनन् र आफ्नै ब्लकमा मात्रै विद्यार्थीहरुमाथि निगरानी राख्ने गरेको अर्यालले बताउनुभयो । शिक्षक तथा अभिभावक मात्र होइन पूर्वविद्यार्थीहरु समेत सक्रिय भएर विद्यालय सुधारमा लागिरहेका छन् । विद्यालयले वर्षमा ३ पटकसम्म कक्षागत अभिभावक भेला राख्दै आएको छ ।

विद्यालयको अवस्था सुधारमा अभिभावकको पनि महत्वपूर्ण भूमिका रहेको प्रधानाध्यापक अर्यालले उल्लेख गर्नुभयो । अभिभावकहरुले शिक्षकहरुसँग समन्वय गरी बालबालिकाको व्यवस्थापन गर्ने गरेकोले अभिभावकप्रति कृतज्ञ हुनुहुन्छ । विद्यालयले कमजोर तथा पछाडि परेका विद्यार्थीलाई थप कक्षा पठनपाठन गर्दै आएको विद्यालयले जनाएको छ । पूर्वप्राथमिक तथा प्राथमिक तहका विद्यार्थीलाई कक्षामा २ जना शिक्षक राखेर पठनपाठन गरिँदै आएको छ । विद्यालयमा विद्यार्थी संख्या बढेअनुसार भवन तथा कक्षाकोठाको संख्यामा कमी भएकोले भने असहज भइरहेको प्रधानाध्यापक अर्यालले गुनासो गर्नुभयो । यस वर्ष नयाँ भर्नाका लागि २ सय भन्दा बढी विद्यार्थीहरु विद्यालयमा आएपनि ७० जना भन्दा विद्यार्थी थप्न नसकिने उहाँको आँकलन छ । विद्यालयमा हाल ७७ जना शिक्षकहरु रहेकामा ४६ जना निजी स्रोतबाट राखिएको समेत प्रधानाध्यापक अर्यालले जानकारी दिनुभयो ।

कुनै पनि विद्यालयको प्रगति र शैक्षिक गुणस्तर बढाउन विद्यालय व्यवस्थापन समिति, स्थानीय जनप्रतिनिधी, अभिभावक, सबैको समान र सक्रिय सहभागिता रहनु जरुरी रहेको उहाँको बुझाइ छ । विद्यालयको अवस्था सकारात्मक बनाउन विशेषगरी शिक्षकहरु नै जिम्मेवार, जवाफदेही र समन्वयकारी हुनुपर्ने उहाँको सुझाव छ । शिक्षकहरुले विद्यार्थीको असफलतालाई आफ्नै असफलता मानेर समाधान गर्ने प्रयास गरेमा अवश्य विद्यालयमा सकारात्मक परिवर्तन आउने उहाँको अनुभव छ ।

# मकवानपुरमा तीन महिनामा साढे २ हजार बढीले नागरिकता बनाए

समाज संवाददाता

हेटौँडा : तीन महिनाको अवधिमा जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट २ हजार ७ सय ५३ जनाले नयाँ नागरिकता प्राप्त गरेका छन् । माघ महिनादेखि चैत्र मसान्तसम्ममा जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट बंशजसहित अंगीकृत तथा गैरआवासिय नेपाली नागरिकता प्राप्त गरेका हुन् ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरका अनुसार २ हजार ७ सय ३६ जनाले बंशजका आधारमा नागरिकता लिँदा ९ जनाले अंगीकृत र २ जनाले बैबाहिक अंगीकृत नागरिकता लिएका छन् । यस्तै ६ जनाले गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेका छन् । बंशजको नागरिकता प्राप्त गर्ने मध्ये १ हजार ३ सय पुरुष तथा १ हजार ३ सय ८९ जना महिलाहरु रहेका छन् । यस्तै अंगीकृत नागरिकता प्राप्त गर्ने ९ जनामध्ये पुरुष ७ जना र महिला २ जना रहेका छन् । यस्तै गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्नेहरु मध्ये ५ जना पुरुष तथा १ जना महिला रहेको कार्यालयले जनाएको छ ।




नागरिकताको प्रतिलिपि २ हजार ६ सय २६ जनाले प्राप्त गरेका छन् । कार्यालयबाट जिल्लाका २ हजार ८ सय ५ जनालाई राहदानीका लागि सिफारिस दिइएको छ । राष्ट्रिय परिचयपत्रका लागि ८ हजार ९ सय ३१ जनाको व्यक्तिगत विवरण संकलन गरिएको तथा तीन महिनाको अवधिमा २ हजार ५ सय २० जनालाई राष्ट्रिय परिचयपत्र वितरण समेत गरिएको छ । नाबालिग परिचयपत्र ७७ जनालाई वितरण गरेको जनाएको छ । नयाँ संघ, संस्था दर्ता ७ वटा र पुराना संघ, संस्थाहरु ६० वटा नवीकरण गरेको कार्यालयले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालयले तीन महिनामा ६८ वटा मुद्दा दर्ता गरेको छ । जसमध्ये करिब ७० प्रतिशत अर्थात ४७ वटा मुद्दाको फैसला समेत भइसकेको जनाएको छ । विभिन्न ३३ वटा उजुरी दर्ता समेत गरिएको कार्यालयले जनाएको छ । प्रशासनले यस अवधिमा हेटौंडा सिमेन्ट उद्योग तथा मालपोत कार्यालय हेटौंडामा अनुगमन गर्नुका साथै १९ फर्महरुको बजार अनुगमन गरेको छ । यस अवधिमा जिल्ला प्रशासनले ३ जना बैदेशिक रोजगारमा समस्या पीडितलाई २१ लाख ७० हजार प्रदान गरेको छ । यसैगरी विपद् राहतको रुपमा जिल्लाका १५ जनालाई १९ लाख २५ हजार रुपैयाँ प्रदान गरेको छ । सवारी दुर्घटनाबाट पीडित भएका ३ जनालाई १५ लाख रुपैयाँ क्षतिपूर्ति प्रदान गरिएको छ । जिल्लाभित्रका १२ जना द्वन्द्वपीडितहरुलाई राहत स्वरुप ४ लाख ६० हजार रुपैयाँ प्रदान गरिएको जनाएको छ । यस अवधिमा जिल्ला प्रशासनले ८ करोड २९ लाख २८ हजार रुपैयाँ राजश्व संकलन गरेको छ भने कार्यालयको बजेट मध्ये चालु खर्च ८७ लाख ८६ हजार रुपैयाँ र पूँजीगत खर्च ४२ लाख ७३ हजार रुपैयाँ खर्च भएको कार्यालयले जनाएको छ ।

कार्यालयले हाल टोकन प्रणालीको व्यवस्थापनलाई निरन्तरता दिँदै आइरहेको छ भने राहदानी, राष्ट्रिय परिचयपत्र, नागरिकता लगायत अन्य सेवा प्राप्त गर्ने सेवाग्राहीहरुलाई नागरिक सहायता कक्षबाट निशुल्क फारम भर्ने सुविधा निरन्तर रुपमा दिँदै आएको छ ।

# आजदेखि वीरगञ्जको मुख्य सडक विस्तार सुरु गरिँदै

वीरगञ्जः लामो समयदेखि रोकिएको वीरगञ्जको मुख्य सडक विस्तारको काम आज आइतबार बिहानदेखि सुरु हुने भएको छ । सडक डिभिजन कार्यालय हेटौंडाका अनुसार त्रिभुवन राजपथ अन्तर्गत पर्ने गण्डक चोकदेखि मितेरी पुलसम्मको सडक २५-२५ मिटर दायाँ-बायाँ विस्तार गरिनेछ ।

पर्साका प्रमुख जिल्ला अधिकारी भोलाप्रसाद दाहालले सडकको मध्य भागबाट २५ मिटर क्षेत्रभित्र पर्ने घर, टहरा तथा अन्य संरचना हटाउने काम आइतबार बिहानदेखि थालिने बताए । त्यसका लागि हेटौंडाबाट डोजर, जेसीबी र एक्साभेटरसहित ९ वटा उपकरण वीरगञ्ज ल्याइसकिएको उनको भनाइ छ ।

सडक विस्तारलाई प्रभावकारी बनाउन एकैसाथ पाँच स्थानबाट काम सुरु गर्ने तयारी गरिएको छ । यसका लागि वीरगञ्ज महानगरपालिका, प्रहरी तथा अन्य सरोकारवाला निकायसँग समन्वय भइरहेको छ ।

सर्वोच्च अदालतले २०८१ फागुन २८ गते उक्त सडक विस्तार सम्बन्धी मुद्दामा सरकारको पक्षमा फैसला गर्दै विपक्षीको रिट खारेज गरेपछि परियोजना अघि बढ्ने बाटो खुलेको हो । यसअघि करिब एक हजार २ सय घरधनीले मुआब्जा र वैकल्पिक सडकको माग गर्दै रिट दायर गरेका थिए, जसका कारण झण्डै १३ वर्षदेखि सडक विस्तार अन्योलमा परेको थियो ।

अब अदालतको निर्णयपछि प्रशासनले संरचना हटाउँदै चरणबद्धरूपमा सडक विस्तार अघि बढाउने तयारी गरेको छ ।

(स्रोतः अनलाइनखबर)



## सम्पादकीय

# पेट्रोलियम मूल्यवृद्धिको प्रभाव

जेनजी आन्दोलनपछि भएको निर्वाचनबाट नयाँ सरकार बनेपछि धेरै नेपालीले धेरै क्षेत्रमा सहजताको आशा गरेका थिए । नयाँ सरकारले विगतको समयमा भन्दा सुशासन, विकास र समृद्धिका लागि प्रभावकारी काम गर्ने आशामा बसेका नेपालीहरु अहिले मूल्यवृद्धिको चपेटामा परेका छन् । बालेन शाह नेतृत्वको सरकारले नागरिकको दैनिकीलाई सहज बनाउने आशामा रहेका नेपालीहरु खुसी हुन सकेका छैनन् । सरकार गठन भएलगतै महत्वपूर्ण निर्णयहरु गरेर आशा र भरोसा जगाउन खोजेको भए पनि पेट्रोलिमय पदार्थको चरम मूल्यवृद्धिले धेरै नेपाली निराश भएका छन् । अमेरिकाको समर्थनमा इजरायल र इरानबिच भएको युद्धसँगै विश्वव्यापी पेट्रोलियम संकटबाट नेपालमा पनि ठूलो प्रभाव परिरहेको छ । विश्वभर अभाव भइरहेको डिजेल, पेट्रोल, म ितेल, ग्यास, हवाइ इन्धन सबैको नियमित आपूर्तिलाई सहज बनाइरहेको भए पनि उच्च मूल्यवृद्धिले सबै क्षेत्रलाई नकारात्मक प्रभाव पारेको छ ।

करिब एक महिनाको बिचमा नेपाल आयल निगमले ४ पटक विभिन्न इन्धनको मूल्यवृद्धि गर्दा धेरै वस्तु तथा सेवाको मूल्य वृद्धि भएर आम नेपाली महङ्गीको मारमा परेका छन् । एक महिनाको अवधिमा नेपालमा डिजेलमा ६० प्रतिशतभन्दा बढी र पेट्रोलमा ४० प्रतिशतको हाराहारीमा मूल्यवृद्धि भएको छ । सरकारले पेट्रोलियम पदार्थमा लगाउँदै आएको पूर्वाधार विकास कर ५० प्रतिशत छुट गरे पनि पेट्रोलियम पदार्थको मूल्य उच्च दरमा वृद्धि भएको छ । इन्धनको मूल्यवृद्धिका कारण सवारी साधनको भाडा वृद्धि हुँदा व्यवसायीले सबैजसो वस्तु तथा सेवाको मूल्यवृद्धि गरेका छन् । मूल्यवृद्धि मात्र होइन, कतिपय वस्तुको अभाव समेत भइरहेको छ । पेट्रोलियमको मूल्यवृद्धिका कारण निर्माणजन्य सामग्रीहरुको मूल्यवृद्धि भएकोमा बिरोध जनाउँदै निर्माण व्यवसायी संघ मकवानपुरले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको छ । सरकारले चैत महिनादेखि मध्यपूर्वमा जारी युद्धको कारण देखाउँदै गरेको मूल्यवृद्धिले निर्माण व्यवसायी ठूलो मारमा परेको भन्दै संघको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ ।


ज्ञापनपत्रमा निर्माण सामग्रीहरु छड, सिमेन्ट, जस्तापाता, बिटुमिन, ढुंगा, गिट्टी, बालुवा, ढुवानीलगायत निर्माणजन्य सामग्रीहरु र उद्योगजन्य सामग्रीहरुको मूल्यवृद्धिले निर्माण व्यवसायीहरुलाई धेरै आर्थिक भार परेको जनाइएको छ । मूल्यवृद्धिका कारण पूर्वाधार खर्च बढ्न गई सार्वजनिक निकायहरुलाई नै आर्थिक बोझ थपिने अवस्था बनेको छ । मूल्यवृद्धिका साथै निर्वाचनको मौका पारेर सीमित आयातकर्ताहरुले कार्टेलिङ गर्दै सडक निर्माणमा प्रयोग हुने बिटुमिनको अभाव सिर्जना गरी निर्माण व्यवसायीलाई ठूलो आर्थिक समस्या परिरहेको ज्ञापनपत्रमा उल्लेख छ । मूल्यवृद्धिसँगैं कार्टेलिङ गरेर उत्पादनमा समेत कटौती गरेकाले समयमै योजनाहरु सम्पन्न र सुरु गर्न नसकिने भन्दै बजेट फ्रिज हुन नदिन सरकारलाई आग्रह गरिएको छ । अवस्था सहज नहुँदासम्म सरकारले कन्सट्रक्सन होलिडे घोषणा गर्नुपर्ने माग निर्माण व्यवसायीको छ ।

सरकारी स्वामित्वको नेपाल आयल निगमले पेट्रोलियम पदार्थको व्यापारमा एकाधिकार पाएको छ । भारतबाट पेट्रोलियम खरिद गरेर बिक्री गर्दै आएको नेपाल आयल निगमले तोकेको मूल्यभन्दा भारत तथा अन्य देशको मूल्य निकै कम रहेकोमा असन्तुष्टि उजागर भइरहेको छ । विश्वव्यापी रुपमै पेट्रोलियमको मूल्यवृद्धि भए पनि सरकारले सहुलियत दिएर मूल्यवृद्धि कम गर्नुपर्ने कतिपयको धारणा छ । भारतीय बजारको हाराहारीमा पेट्रोलियम पदार्थको मूल्य कायम गरिएमा बजार सन्तुलन हुने र असन्तुष्टि पनि नहुनेतर्फ सरकार र आयल निगमको ध्यान जानु आवश्यक छ । सामान्य अवस्थामा खरिद मूल्यको आधारमा स्वचालित मूल्य प्रणाली अपनाउँदै आएको भए पनि विशेष परिस्थितिमा सरकारले हस्तक्षेप गर्नुपर्छ । संकटको समयमा व्यवसायीले गर्ने अस्वभाविक मूल्यवृद्धि, कार्टेलिङ, कृत्रिम अभावजस्ता बजारको बेथिति रोक्न सरकारी संयन्त्र सक्रिय बन्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क: ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : मनमा अन्यौलता र शारीरिक रुपमा भारीपन आउला । |
| **वृष** | : रिस आवेग र घमण्ड त्याग गर्दा राम्रो रहने छ । |
| **मिथुन** | : स्वास्थ्य एवम् पढाइप्रति जिम्मेवार बोध हुनेछ । |
| **कर्कट** | : आपसमा मनोमालिन्य बढ्ने समय योग छ । |
| **सिंह** | : सामाजिक एवम् परोपकारी काममा मन जाला । |
| **कन्या** | : यात्रा योग र भेटघाटमा सरिक भइने समय छ । |
| **तुला** | : व्यापार–व्यवसाय मध्यमकारक रहने समय योग छ । |
| **वृश्चिक** | : भावनालाई नियन्त्रण गरेर काम गर्दा राम्रो हुनेछ । |
| **धनु** | : आम्दानीका प्रयासहरु सफल हुने समय छन् । |
| **मकर** | : आफूभन्दा ठूलाको सहयोग महत्वपूर्ण होला । |
| **कुम्भ** | : सानो प्रयासले रोकिएको काम बन्ने समय छ । |
| **मीन** | : आर्थिक बोध बढ्ने समय योग देखिन्छ । |

# परिवर्तित सन्दर्भमा नेपाल–भारत सम्बन्ध



**बिशभ अधिकारी**



फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचन नेपालको राजनीतिक इतिहासमा एउटा महत्वपूर्ण अविस्मरणीय घटनाको रूपमा हेरिएको छ । बालेन्द्र शाहको नेतृत्वमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को अप्रत्याशित उदयले केवल सत्ताको समीकरण मात्र परिवर्तन गरेको छैन, जनआकांक्षा, नेतृत्वप्रतिको विश्वास र शासन शैलीप्रतिको धारणा नै पुर्नभाषित गरेको छ । लामो समयदेखि परम्परागत दलहरूको वर्चस्वमा चलेको राजनीति विरुद्ध जनताले दिएको यो स्पष्ट म्यान्डेटले नयाँ पुस्ताको नेतृत्वप्रतिको भरोसा र परिवर्तनको चाहना प्रतिम्बिबित गरेको छ ।

बालेन्द्र शाह प्रधानमन्त्री बन्ने सम्भावनाले देशभित्र मात्र होइन, क्षेत्रीय कूटनीति र बिदेश सम्बन्ध पनि नयाँ बहस जन्माएको छ । विशेषतः नेपाल-भारत सम्बन्धको सन्दर्भमा यो परिवर्तनलाई अत्यन्त चासोका साथ हेरिएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा नेपालका प्रधानमन्त्री बालेन्द्र शाह र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई दिइएको बधाई सन्देशले दुवै देशबीचको सम्बन्धलाई अझ सुदृढ बनाउने संकेत दिएको छ । बालेन्द्र स्वयम्ले पनि कूटनीतिक परिपक्वता देखाउँदै नेपाल-भारतबीचको ऐतिहासिक, साँस्कृतिक र आर्थिक सम्बन्धलाई अझ प्रगाढ र परिणाममुखी बनाउने प्रतिवद्धता व्यक्त गरेका छन् । प्राचिनकाल देखिनै नेपाल-भारत सम्बन्ध विशिष्ट खालको छ । यो लामो सम्बन्धमा थुप्रै उतार-चढाव आएका छन् । जनस्तरमा यो सम्बन्ध मजबुत छ तर सरकारको बीचमा लामो समयदेखि १९५० को सन्धि, सिमाना बिवाद, कालापानि लिपूलेकदेखि चूच्चे नक्सासम्मको बिवाद कायमै छ ।

यि समस्यालाई कूटनीतिकरूपमा समाधान गर्ने जिम्मा पनि नयाँ सरकारको काँध आएको छ । भारतको संस्थापन पक्ष नेपालप्रति अनुदार नै छ । संविधान निर्माणमा देखिएको दबाव र हस्तक्षेपलाई तात्कालिन राजनीतिक दलहरूले हाम्रो आन्तरिक निर्णयमा प्रभाव हुन दिएन । भारतसँगको सम्बन्धलाई सरकारी स्तरबाट सन्तुलित र समान ढंगबाट अघि बढाउनुपर्ने देखिन्छ । प्रधानमन्त्री हुने बित्तिकै पहिलो भारत भ्रमण गर्ने प्रचलन छ । यद्यपि यो प्रचलन तोडिएको पनि छ । नयाँ सरकार निर्माण भएयता औपचारिक त्यस्तो निर्णय भएको छैन । नयाँ सरकारको नीति प्राथमिकता अहिले सुशासन, सेवा प्रवाहमा प्रभावकारिता, भ्रष्टाचारको अन्त्यका लागि तीब्ररुपमा अघि बढेको छ ।

यद्यपि बालेन्द्र शाहमाथि विभिन्न आरोपहरू लगाइएका छन् । कहिले उनलाई 'अमेरिकी प्रभावमा हिँड्ने व्यक्ति' भनिएको छ भने कहिले उनको राष्ट्रवादी अडानमाथि प्रश्न उठाइएको छ । तर यस्ता आरोपहरू तथ्य, प्रमाणको आधारमा भन्दा नि राजनीतिक पूर्वाग्रह र प्रचारमा आधारित देखिन्छन् । उनको अघिल्लो कार्यकाल, विशेषगरी काठमाडौं महानगरपालिकाका मेयरको रूपमा, हेर्दा उनले राष्ट्रिय हितका विषयमा स्पष्ट अडान लिएको देखिन्छ । उदाहरणका लागि, 'आदिपुरुष' चलचित्र विवाद होस् वा नेपालको नयाँ नक्साको प्रयोग, यी सबैले उनको राष्ट्रिय स्वाभिमानप्रतिको प्रतिबद्धता झल्काउँछ ।

अमेरिकासँग जोडिएको एसपीपी (स्टेट पार्टनर सीप प्रोग्राम) को सन्दर्भमा पनि बालेन्द्र शाहको सम्भावित नेतृत्वलाई लिएर विभिन्न आशंका गरिएका छन् । यो सरकारले एसपीपी लागू नहूने स्पष्ट बताइसकेको छ । तसर्थ यसलाई वस्तुगत विश्लेषण गर्दा, नेपालको विदेश नीति सधैं सन्तुलनमा आधारित रहँदै आएको छ । जहाँ भारत र चीन दुवैसँग समान दूरी र सहकार्यको सिद्धान्त अपनाइन्छ । यस्तो अवस्थामा बालेन्द्र नेतृत्वको सरकारले कुनै एक पक्षमा झुकाव देखाउने सम्भावना न्यून देखिन्छ, बरु राष्ट्रिय हितलाई केन्द्रमा राखेर स्वतन्त्र र सन्तुलित कूटनीति अपनाउने अपेक्षा गर्न सकिन्छ ।

नेपाल-भारत सम्बन्धको सन्दर्भमा अहिलेको अवस्था पुनर्परिभाषित गर्ने अवसरको रूपमा लिन सकिन्छ । करिब १८०० किलोमिटर खुला सीमाना, गहिरो साँस्कृतिक सम्बन्ध र आर्थिक अन्तरनिर्भरता रहेका यी दुई देशबीचको सम्बन्धलाई नयाँ दृष्टिकोणबाट अगाडि बढाउन सकिन्छ । बालेन्द्र शाह जस्तो युवामुखी नेतृत्वले पुराना कूटनीतिक ढाँचाबाट बाहिर निस्केर परिणाममुखी सहकार्य, पारस्परिक सम्मान र समानतामा आधारित सम्बन्ध विकास गर्न सक्ने सम्भावना प्रवल छ । यस परिप्रेक्ष्यमा विलियम शेक्सपियरको 'जुलियर सिजर' मा ब्रुटसले भनेको प्रसिद्ध भनाइ सान्दर्भिक देखिन्छ । जीवनमा केही यस्ता क्षणहरू आउँछन्, जसलाई सही समयमा समात्न सकियो भने सफलता सुनिश्चित हुन्छ, अन्यथा अवसर गुम्छ । अहिलेको 'बालेन शाह क्षण' पनि त्यस्तै एउटा ऐतिहासिक अवसर हो, जसले नेपाललाई सुशासन, आर्थिक विकास र सन्तुलित विदेश नीतितर्फ नयाँ दिशा दिन सक्छ ।

यो परिवर्तन प्रणाली परिवर्तनको संकेत हो । यदि बालेन्द्र शाह नेतृत्वको सरकारले जनविश्वासलाई कायम राख्दै संस्थागत सुधार, पारदर्शिता र उत्तरदायित्वलाई प्राथमिकता दिन सक्यो भने नेपालले नयाँ युगको सुरुवात गर्न सक्छ । साथै, नेपाल भारत सम्बन्ध पनि नयाँ उचाइमा पुग्नेछ । अहिलेको समय संवेदनशील मात्र होइन, सम्भावनाले भरिएको छ र यो अवसरलाई सही रूपमा उपयोग गर्नु नै नेपालको भविष्य निर्धारण गर्ने मुख्य आधार हुनेछ । यस सन्दर्भमा थप एक महत्वपूर्ण पक्ष के हो भने, बालेन्द्र शाहको उदयले केवल सत्ता परिवर्तन सँगसँगै, राजनीतिक संस्कार परिवर्तनको संकेत पनि दिएको छ । नेपालमा लामो समयदेखि जरा गाडेर बसेको नातावाद, कृपावाद र भ्रष्टाचार प्रतिको जनआक्रोशले नै रास्वपाको उदय सम्भव बनाएको हो । अब नेपाली जनता केवल नारा मात्र होइन, परिणाम खोजिरहेका छन् । सुशासन, पारदर्शिता र उत्तरदायित्व अब वैकल्पिक होइन, अपरिहार्य आवश्यकता बनिसकेको छ ।

त्यस्तै, केपि शर्मा ओली र प्रचण्ड जस्ता परम्परागत नेताहरूको प्रभाव कमजोर हुँदै जानु पनि यस परिवर्तनको महत्वपूर्ण संकेत हो । नयाँ पुस्ताले अब वैकल्पिक राजनीति मात्र होइन, उत्तरदायी राजनीति खोजिरहेको छ । यसबीच, क्षेत्रीय सन्दर्भमा पनि नेपालको परिवर्तनलाई पृथक रूपमा हेर्न मिल्दैन । बंगलादेश, श्रीलङ्का जस्ता देशहरूमा पनि पछिल्लो समय युवाहरूले शासन प्रणालीप्रति असन्तुष्टि जनाउँदै परिवर्तनको माग गरेका छन् । यसले दक्षिण एसियामा नै एउटा नयाँ राजनीतिक लहरको संकेत गर्दछ, जहाँ पुराना संरचनाहरू चुनौतीमा परिरहेका छन् र नयाँ नेतृत्व उदाउँदैछ ।

रास्वपाभित्र पनि स्वर्णिम वाग्ले जस्ता अर्थशास्त्रीहरूको उपस्थिति नेपालको आर्थिक सुधारका लागि सकारात्मक संकेत मानिन्छ । आर्थिक नीतिमा व्यावसायिकता, तथ्यमा आधारित निर्णय र दीर्घकालीन योजना आवश्यक छ, जुन नयाँ नेतृत्वले ल्याउन सक्छ भन्ने अपेक्षा गरिएको छ । साथै, पार्टीभित्र रवि लामिछानेको नेतृत्व र बालेन्द्र शाहको कार्यशैलीबीच सन्तुलन कायम गर्नु पनि स्थायित्वका लागि महत्वपूर्ण हुनेछ ।

अबको सबैभन्दा ठुलो चुनौति भनेको जनअपेक्षालाई व्यवस्थापन गर्नु हो । परिवर्तनको लहरले सरकार बनाउनु सजिलो बनाउँछ, तर त्यसलाई टिकाइराख्न र परिणाम दिनु अत्यन्त कठिन हुन्छ । बालेन शाहको नेतृत्वमा आउने सम्भावित सरकारले यदि छिटो, स्पष्ट र प्रभावकारी निर्णयहरू लिन सक्यो भने मात्र यो जनविश्वास दीर्घकालीन रूपमा कायम रहन सक्छ । यसैले, अहिलेको अवस्था केवल आशा र सम्भावनाको मात्र होइन, जिम्मेवारी र परीक्षणको समय पनि हो । 'बालेन्द्र शाह क्षण'लाई सही रूपमा उपयोग गर्न सकियो भने नेपालले केवल आन्तरिक रूपमा होइन, अन्तर्राष्ट्रिय स्तरमा पनि आफ्नो स्थान मजबुत बनाउन सक्छ । विशेषगरी नेपाल-भारत सम्बन्धलाई समानता, सम्मान र पारस्परिक हितका आधारमा पुनःसंरचना गर्न सकियो भने यो सम्बन्ध नयाँ उचाइमा पुग्नेछ ।

नेपाल अहिले इतिहासको एउटा निर्णायक मोडमा उभिएको छ जहाँबाट या त देशले नयाँ दिशा समात्न सक्छ, या पुरानै चक्रमा फस्न सक्छ । निर्णय अब नेतृत्वको मात्र होइन, समग्र प्रणाली र नागरिक चेतनाको पनि हो । यही कारणले, अहिलेको समयलाई केवल राजनीतिक परिवर्तनको रूपमा होइन, एक सम्भावित राष्ट्रिय पुनर्जागरणको सुरुवातको रूपमा बुझ्न आवश्यक छ । अस्तू ॥

# अबको शिक्षा
# प्रतिस्पर्धात्मक होइन, प्रेरणादायी



**गणेश जोशी**



मानव सभ्यताको विकासक्रमसँगै शिक्षा प्रणालीले विभिन्न चरणहरू पार गरेको छ। कुनै समय शिक्षा केवल ज्ञान हस्तान्तरणको माध्यम थियो, पछि यसले सीप र दक्षता विकासमा जोड दियो र आधुनिक युगमा आएर शिक्षा प्रतिस्पर्धाको प्रमुख साधन बनेको देखिन्छ ।

आजको विश्व परिवेशमा अधिकांश शिक्षा प्रणालीहरू विद्यार्थीलाई 'अरूभन्दा अगाडि कसरी जाने' भन्ने सोचमा केन्द्रित छन्। तर प्रश्न उठ्छ–के शिक्षा केवल प्रतिस्पर्धा जित्नका लागि हो कि जीवनलाई अर्थपूर्ण, सन्तुलित र समाजोपयोगी बनाउनका लागि ? यसै सन्दर्भमा 'अबको शिक्षाः प्रतिस्पर्धात्मक होइन, प्रेरणादायी' भन्ने अवधारणा अत्यन्त सान्दर्भिक र आवश्यक देखिन्छ ।

विश्व परिवेशमा हेर्दा विकसित राष्ट्रहरूमा समेत शिक्षा प्रणालीबारे पुनर्विचार भइरहेको छ । अत्यधिक प्रतिस्पर्धाले विद्यार्थीमा मानसिक तनाव, असन्तुलन र असन्तुष्टि बढाएको तथ्य विभिन्न अनुसन्धानहरूले देखाएका छन् । उच्च अंक ल्याउने दबाब, प्रतिष्ठित संस्थामा प्रवेशको होड र करियरमा अग्रता कायम गर्ने प्रतिस्पर्धाले धेरै युवालाई आन्तरिक रूपमा थकित बनाएको छ । यसकारण आज विश्वका केही शिक्षा प्रणालीहरूमा 'होलिस्टिक एजुकेशन', 'सोसियल-इमोशनल लर्निङ' र 'माइन्डफुलनेस' जस्ता अवधारणाहरूलाई प्राथमिकता दिन थालिएको छ । यी सबै प्रयासहरूको मूल उद्देश्य विद्यार्थीलाई केवल प्रतिस्पर्धी होइन, आत्मचेतनशील, सहानुभूतिशील र प्रेरणादायी व्यक्ति बनाउनु हो ।

नेपालको सन्दर्भमा हेर्दा हाम्रो शिक्षा प्रणाली अझै पनि परीक्षा केन्द्रित र प्रतिस्पर्धात्मक प्रकृतिको छ । एसईई, प्लस टु, र उच्च शिक्षामा प्रवेशका लागि हुने प्रतिस्पर्धाले विद्यार्थीलाई सानै उमेर देखि नै अंकको दौडमा धकेलिरहेको छ। अभिभावक, विद्यालय र समाजको अपेक्षाले विद्यार्थीलाई 'पहिलो हुनैपर्छ' भन्ने मानसिकता विकास गराएको छ । यसले गर्दा धेरै विद्यार्थीहरू आफ्नो वास्तविक रुचि, सिर्जनशीलता र आत्मपहिचानबाट टाढा भइरहेका छन् । शिक्षा प्राप्त गरे पनि उनीहरू आत्मविश्वासी, जिम्मेवार र समाजप्रति संवेदनशील नागरिक बन्न सकिरहेका छैनन् ।

वर्तमान सामाजिक आयामलाई नियाल्दा शिक्षा र समाजबीचको सम्बन्ध पनि गहिरो रूपमा प्रभावित भएको देखिन्छ। बेरोजगारी, दक्ष जनशक्तिको अभाव, र विदेश पलायनजस्ता समस्याहरूले देखाउँछन् कि हाम्रो शिक्षा प्रणालीले व्यवहारिक र जीवनोपयोगी ज्ञान दिन सकिरहेको छैन। प्रतिस्पर्धामा केन्द्रित शिक्षाले विद्यार्थीलाई केवल 'जागिर खोज्ने' बनाउँछ, 'अवसर सिर्जना गर्ने' होइन। यसैले अबको शिक्षा प्रणालीले विद्यार्थीलाई प्रेरित गर्दै उनीहरूको आन्तरिक क्षमता र सिर्जनात्मकता उजागर गर्नुपर्छ ।

आध्यात्मिक दृष्टिकोणबाट हेर्दा शिक्षा आत्मबोध र आन्तरिक शान्तिको माध्यम हुनुपर्छ । पूर्वीय दर्शनले सधैं 'विद्या'लाई आत्मज्ञानसँग जोडेको छ । वास्तविक शिक्षा त्यो हो जसले व्यक्तिलाई आफ्नो अस्तित्व, उद्देश्य र मूल्यहरूबारे सचेत बनाउँछ। यदि शिक्षा केवल बाह्य उपलब्धि र प्रतिस्पर्धामा सीमित रह्यो भने व्यक्तिले आन्तरिक सन्तुष्टि प्राप्त गर्न सक्दैन । ध्यान, योग, नैतिक शिक्षा र जीवनमूल्यहरूको समावेशले विद्यार्थीलाई सन्तुलित र प्रेरणादायी व्यक्तित्व बनाउन मद्दत गर्छ ।

वैज्ञानिक दृष्टिकोणले पनि शिक्षा प्रणालीमा परिवर्तनको आवश्यकता औंल्याउँछ । आधुनिक मनोविज्ञान र न्यूरोसाइन्सले देखाएका छन् कि सिकाइ प्रक्रिया केवल तथ्य याद गर्ने होइन, अनुभव, भावनात्मक संलग्नता र सिर्जनात्मक सोचसँग सम्बन्धित हुन्छ। जब विद्यार्थीलाई डर र दबाबमा राखिन्छ, तब उनीहरूको मस्तिष्क सिक्न कम सक्षम हुन्छ। तर प्रेरणादायी वातावरणमा विद्यार्थीले स्वतः जिज्ञासा राख्छन्, प्रश्न सोध्छन् र नयाँ कुरा खोज्न उत्साहित हुन्छन् । यसैले शिक्षामा 'इन्क्वायरी-बेस्ड लर्निङ', 'प्रोजेक्ट-बेस्ड लर्निङ' जस्ता विधिहरू अपनाउनु आवश्यक छ ।

व्यावहारिक पक्षबाट हेर्दा शिक्षा जीवनसँग प्रत्यक्ष जोडिनुपर्छ। विद्यार्थीले कक्षामा सिकेका कुरा वास्तविक जीवनमा प्रयोग गर्न सक्ने हुनुपर्छ। कृषि, उद्यमशीलता, प्रविधि, र सामाजिक सेवाजस्ता क्षेत्रहरूमा आधारित शिक्षाले विद्यार्थीलाई आत्मनिर्भर र समाजोपयोगी बनाउँछ। साथै, सहकार्य र नेतृत्व जस्ता सीपहरू पनि अत्यन्त महत्वपूर्ण छन् । प्रतिस्पर्धात्मक शिक्षा प्रणालीले सहकार्यभन्दा व्यक्तिगत सफलता प्राथमिकता दिन्छ, तर प्रेरणादायी शिक्षा प्रणालीले 'हामी'को भावना विकास गर्छ ।

अबको शिक्षाले कस्तो जनशक्ति निर्माण गर्नुपर्छ भन्ने प्रश्नमा स्पष्ट उत्तर छ–प्रेरणादायी जनशक्ति । यस्तो जनशक्ति जसले आफू मात्र होइन, अरूलाई पनि अगाडि बढ्न प्रेरित गर्छ । जसमा सहानुभूति, नैतिकता, सिर्जनशीलता र जिम्मेवारीको भावना हुन्छ । यस्तो व्यक्ति समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्षम हुन्छ । प्रतिस्पर्धी जनशक्ति केवल सीमित अवसरका लागि लड्छ, तर प्रेरणादायी जनशक्ति नयाँ अवसर सिर्जना गर्छ ।

यसका लागि शिक्षा प्रणालीमा नीतिगत, संरचनात्मक र व्यवहारिक सुधार आवश्यक छ। पाठ्यक्रमलाई जीवनोपयोगी बनाउनुपर्छ, मूल्याङ्कन प्रणालीलाई केवल अंकमा सीमित नराखी समग्र विकासमा आधारित बनाउनुपर्छ । शिक्षकलाई केवल ज्ञान दिने होइन, प्रेरणा दिने मार्गदर्शकका रूपमा विकास गर्नुपर्छ। अभिभावक र समाजले पनि सफलता र असफलताको परिभाषा पुनःनिर्धारण गर्न आवश्यक छ ।

अन्ततः, शिक्षा केवल प्रतिस्पर्धाको माध्यम होइन, जीवन निर्माणको आधार हो। यदि हामीले शिक्षालाई प्रेरणादायी बनाउन सकेनौं भने हामीले केवल दक्ष तर असन्तुष्ट व्यक्तिहरू उत्पादन गर्नेछौं । तर यदि शिक्षा प्रेरणादायी बन्यो भने हामीले सन्तुलित, सृजनशील र जिम्मेवार नागरिक पाउनेछौं, जसले राष्ट्र र विश्वलाई सकारात्मक दिशामा अगाडि बढाउनेछ। त्यसैले अबको शिक्षा प्रतिस्पर्धात्मक होइन, प्रेरणादायी हुनु अपरिहार्य छ ।

(लेखकः धनगढी, कैलालीस्थित चैतन्य पाठशालाका अध्यक्ष हुन्। ) स्रोत : रातोपाटी ।

## ‘बिग स्कूल मोडेल’ मा तिलोत्तमा

# ६ वटा ठूलामा गाभिए, ७ वटाको तह मिलान

**टोपराज शर्मा/अनलाइनखबर**

बुटवल : सरकारी विद्यालयको शैक्षिक गुणस्तर सुधार्ने उद्देश्यले रुपन्देहीको तिलोत्तमा नगरपालिका ‘बिग स्कूल मोडेल’मा अघि बढ्न शुरु गरेको छ । अति न्यून विद्यार्थी संख्याका विद्यालयको शैक्षिक गुणस्तर कमजोर र राज्यको लगानीको प्रतिफल नआएको ठहर सहित तिलोत्तमा ठूला विद्यालय ( बिग स्कूल) मोडेलमा अघि बढेको हो ।



तिलोत्तमा भित्र हाल एक गुठी सहित ४२ सरकारी विद्यालयमा १९ हजारभन्दा बढी र ४२ संस्थागत विद्यालयमा २३ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । विशेषगरी आधारभूत तहमा विद्यार्थी संख्या न्यून हुँदा राज्यको लगानी अनुसार शैक्षिक गुणस्तर ज्यादै कमजोर देखिएपछि शिक्षा विज्ञ, प्रधानाध्यापक, व्यवस्थापन समितिसँग विभिन्न चरणमा छलफल र अध्ययनपछि कानून नै बनाएर साना विद्यालयहरु एकीकरण (मर्ज) र केही विद्यालयमा तह मिलान गरी ठूला विद्यालयमा रुपान्तरण गर्न शुरु गरेको छ ।

नगरपालिकाले विद्यालय मर्जसँगै शैक्षिक सुधार गर्न मापदण्ड तयार गरी लागू गरेको छ । मापदण्डअनुसार कम्तीमा एउटा कक्षामा १५ जना विद्यार्थी हुनुपर्ने व्यवस्था गरिएको छ । मापदण्ड नपुगेका विद्यालयहरूलाई समायोजन गरिएको छ भने मापदण्ड पूरा गरेका विद्यालयहरूलाई यथावत राखिएको छ । पहिलो चरणमा नगर भित्रका एक गुठी सहित ४२ वटा सरकारी विद्यालयमध्ये ६ वटा साना विद्यालयलाई नजिकका ठूला विद्यालयमा गाभेर ३६ वटा कायम भएका छन् । यस्तै सात वटा विद्यालयहरुमा तह मिलान गरिएको छ ।

‘नगरभित्र कतिपय विद्यालयमा ६ जना विद्यार्थी र ५ जना शिक्षक थिए, तीन धुर जग्गामा विद्यालय भवन थियो,’ नगर पालिकाका सामाजिक विकास शाखा संयोजक रवि सेन्चुरीले भने, ‘विद्यार्थीको प्रार्थना गर्ने र खेल्ने ठाउँ सडक थियो, यस्तो अवस्थाले कस्तो शैक्षिक गुणस्तरको कल्पना गर्ने ? त्यसैले बिग स्कूल मोडलमा गयौं ।’ बिग स्कूल मोडेलमा जाँदा विद्यार्थीलाई निःशुल्क यातायातका लागि विद्यालयको आफ्नै बस व्यवस्था हुने, विद्यालय र विद्यार्थीहरुमा शैक्षिक गुणस्तर सुधार को प्रतिस्पर्धा बढ्ने विज्ञहरुसँगको सुझावका आधारमा बिग स्कूल मोडल उपयुक्त लागेको सेन्चुरीले बताए ।

नगर प्रमुख रामकृष्ण खाँणले बिग स्कूल मोडेलमा गएर सरकारी विद्यालयको गुणस्तरमा आमूल सुधार ल्याउने उद्देश्यले ९ सदस्यीय कार्यदलले दुई महिना स्थलगत अध्ययन गरेर आएको रिपोर्ट अनुसार विद्यालय मर्ज गर्ने रुपान्तरणकारी निर्णय गरेको बताए । ‘लगातार घट्दो विद्यार्थी संख्या, कमजोर शैक्षिक उपलब्धि, शिक्षक-विद्यार्थी अनुपातको असन्तुलन, अभिभावकको घट्दो चासो र राज्यका तर्फबाट प्रति विद्यार्थी उच्च लागतजस्ता समस्या हटाएर बिग स्कूल मोडेलमा सरकारी विद्यालयप्रति आकर्षण बढाउन यो कदम चालिएको हो’ उनले भने ।

समायोजन (मर्ज) अन्तर्गत तिलोत्तमा-१६ का बोहिया आधारभूत विद्यालय र कोटहिमाई मिसुजु आधारभूत विद्यालयलाई समेट्दै कोटहिमाई मिसुजु आधारभूत विद्यालयमा एकीकृत गरिएको छ । तिलोत्तमा-१२ का कोटियामाई आधारभूत विद्यालयलाई सरस्वती आधारभूत विद्यालयमा समायोजन गरिएको छ ।

त्यस्तै तिलोत्तमा-६ को मेदिनी आधारभूत विद्यालयलाई तिलोत्तमा-५ स्थित शान्ति नमुना माध्यमिक विद्यालयमा गाभिएको छ । तिलोत्तमाको मणिग्रामस्थित नेपालकै ठूलो मध्येको एक शान्ति नमुना माविमा ५ हजार बढी विद्यार्थी अध्ययनरत छन् । गत वर्षको एसईईमा यो विद्यालयबाट १८ जनाले चार जीपीए ल्याएका थिए । तिलोत्तमा-१४ को नमुना महिला आधारभूत विद्यालयलाई सोही वडाको टिकुलिगढ माध्यमिक विद्यालयमा समायोजन गरिएको छ ।

तिलोत्तमा-११ को नवज्योति शंकरमान आधारभूत विद्यालयलाई भुल्के माध्यमिक विद्यालयमा र तिलोत्तमा-१३ को सेमरी आधारभूत विद्यालयलाई जनता माध्यमिक विद्यालयमा समायोजन गरिएको नगरपालिकाका सामाजिक विकास शाखा संयोजक रवि सेन्चुरीले बताए । तह मिलानतर्फ तिलोत्तमा-१७ को बाल विकास आधारभूत विद्यालय र तिलोत्तमा-८ को ज्योति आधारभूत विद्यालयलाई कक्षा ८ बाट घटाएर कक्षा ५ सम्म सीमित गरिएको छ ।

तिलोत्तमा-११ को शिवपुर माध्यमिक विद्यालयमा कक्षा १२ बाट कक्षा १० सम्म झारिएको छ भने सोही वडाको गणेश आधारभूत विद्यालयलाई पनि कक्षा ८ बाट कक्षा ५ मा सीमित गरिएको छ । तिलोत्तमा-१३ को बभनी आधारभूत विद्यालय र तिलोत्तमा-१२ को सरस्वती आधारभूत विद्यालयलाई कक्षा ५ बाट कक्षा ३ सम्म सीमित गरिएको छ । यसैगरी तिलोत्तमा-६ को सत्यलक्ष्मी आधारभूत विद्यालयलाई पनि कक्षा ५ बाट कक्षा ३ सम्म झारिएको छ । मर्ज भएका विद्यालयहरुमा सेक्टर विद्यालयको रुपमा भौतिक संरचना प्रयोग गरेर अझै व्यवस्थित बनाइने नगरपालिकाका सामाजिक विकास शाखा संयोजक सेन्चुरीले बताए ।

### निजी विद्यालयको छात्रवृतिमा कडाइ

समग्र शैक्षिक सुधारका लागि संस्थागत विद्यालयमा दिइने छात्रवृत्तिमा कडाइ गर्दै पारदर्शी बनाउने निर्णय नगरपालिकाले गरेको छ । निजी विद्यालयमा अध्ययन गरिरहेका २३ सय बढी विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने सुनिश्चित गरिएको वडा नं ६ का अध्यक्ष गणेश पाठकले बताए । ‘संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति वितरणलाई थप व्यवस्थित बनाइएको छ, कुल २३ हजारभन्दा बढी विद्यार्थीमध्ये २३ सय भन्दा बढीले पूर्ण छात्रवृत्ति प्राप्त गर्नेछन्’, वडाध्यक्ष पाठकले भने, ‘छात्रवृत्तिलाई पारदर्शी र लक्षित वर्गले पाउनुपर्ने नीति बनाउन धेरै मेहेनत र संघर्ष गर्नुपर्‍यो ।’

छात्रवृत्तिमा भर्ना शुल्क, मासिक शुल्क र यातायात खर्चसमेत समावेश हुनेछ । छात्रवृत्तिलाई समावेशी बनाउँदै जेहेन्दार, विपन्न, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम, अपाङ्ग तथा अल्पसंख्यक समुदायलाई प्राथमिकता दिइएको छ । छात्रवृत्तिमा पारदर्शिताका लागि पालिकाले आफैं प्रश्नपत्र तयार पार्नेलगायतका कार्यहरु गर्ने उपप्रमुख जगेश्वरदेवी चौधरीले बताइन् ।

# अस्तित्वको मौन लडाइँ र कर्तव्यको विरासत



**अभिषेक अर्याल**

मध्यमवर्गीय परिवेशको अभाव र पारिवारिक संघर्षका लामा शृङ्खलाहरूले एउटा बालकलाई समयभन्दा धेरै अघि नै परिपक्व र व्यावहारिक त बनायो, तर उसको जीवनको त्यो निर्दोष ‘रमाउने उमेर’ कतिखेर जिम्मेवारीको ओझेलमा पर र बिलायो, उसैले पत्तो पाएन । बिहान-बेलुकाको छाक टार्नका लागि गरिएको कठोर मिहिनेत र पसिनाको गन्धले उसलाई जीवनको व्याकरण त सिकायो, तर आफ्ना रहरहरूलाई सधैँ किनारा लगाउन बाध्य पार्‍यो ।

वयस्क उमेरको प्रवेशसँगै जिम्मेवारीका पहाडहरूले यसरी थिचे कि ऊसँग न त थकाइ मार्ने कुनै शीतल छहारी थियो, न त आफ्ना पीडा पोख्ने कुनै भरपर्दो चौतारी नै । एउटा छोरा हुनुको नाताले उसले गरेका त्यागहरू शब्दमा अटाउँदैनन् । उसले आफ्ना रंगीन सपनाहरूलाई बाकसमा थन्क्याएर परिवारको भोक मेटाउन परदेशको तातो बालुवा वा सहरको धुलो रोज्यो । दिनभरि परिवारको ओठको मुस्कान र पेटको भोक मेट्न तातो घाममा पसिना बगाएर फर्कँदा, अक्सर उसको भागमा चिसो भइसकेको खाना र सुनसान भान्सा मात्र बाँकी रहन्थ्यो । तर, त्यही चिसो गाँस निल्दै उसले आफ्ना रहरहरूलाई ‘अनावश्यक’ भन्दै पन्छाउनु नै आफ्नो नियति ठान्यो । आफ्नो शरीर थाकेर चुर हुँदा पनि ‘म ठिक छु’ भन्दै झुठो मुस्कानको मुखुण्डो लगायो । आफ्ना साना इच्छा र रहरहरूलाई थाती राखेर भाइबहिनीको शिक्षा र बुबाआमाको ओखतीको जोहो गर्नु नै उसको नित्य कर्म बन्यो ।

सपना त उसका पनि थिए, रङ्गीन र भव्य । प्रेमको त्यो निश्चल प्यास पनि थियो, जुन हरकोहीको भाग्यमा हुँदैन । तर विडम्बना ! जसलाई हृदयको सिंहासनमा सजाइयो, उनी भाग्यको पानामा लेखिएकी थिइनन् । बाहिरबाट चट्टान जस्तो देखिए पनि ऊ भित्रभित्रै एउटा टुटिसकेको मन र अनगिन्ती वेदनाहरू बोकेर गुम्सिइरहेको छ । आफन्तको अपेक्षा, साथीभाइको बुझाइ र आफ्नै मानसिक अन्तर द्वन्द्वसँग लड्दा-लड्दा ऊ थाकिसकेको छ । उसको यो इमानदारिता र सत्यताको दियोले कति समयसम्म आँधीसँग जुधिरहला, त्यो स्वयम् उसैलाई पनि थाहा छैन ।

यी सारा चोट र अभावहरूले उसलाई आज यति कठोर बनाइसकेको छ कि अब उसलाई न त आफ्नो असफलतासँग डर लाग्छ, न प्रकृतिको वितण्डासँग, न त मृत्युको अन्तिम प्रहारसँग नै । आँखाका आँसु सुकिसकेका छन् र मनका उत्साहहरू मरिसकेका छन् । ऊभित्र अब कुनै उमङ्ग बाँकी छैन । ऊ अब केवल आफ्ना लागि होइन, परिवार र समाजका लागि एउटा अभेद्य पर्खाल बनेर उभिएको छ ।

अन्ततः, समयको यो निर्मम यात्रामा ऊ एउटा यस्तो दियो बन्यो, जसले अरूको आँगन उज्यालो बनाउन आफूलाई थोपा-थोपा पगालिरह्यो । कुनै दिन त्यो दियो निभ्नेछ, या त विजयको शान्त श्वास फेर्दै, या त संघर्षको मैदानमा पूर्णतः रित्तिएर । जब त्यो दियो निभ्नेछ, त्यो केवल एउटा शरीरको अन्त्य हुनेछैन, बरु दशकौँदेखि गुम्सिएको एउटा मौन वेदना, अधुरा सपनाहरूको चाङ र एउटा त्यागले भरिएको सिङ्गो युगको विसर्जन हुनेछ । एउटा ‘छोरा मान्छे’ को अस्तित्व त्यसपछि केवल स्मृतिमा बाँकी रहनेछ, र उसको बलिदानको मूल्यको फैसला केवल समयको कठोर न्यायले गर्नेछ ।

# मनसुन पूर्वको वर्षाले घटायो वन डढेलो

काठमाडौं : हरेक वर्षको चैत महिना वन डढेलोको उच्च जोखिममा रहने गर्छ । तर गत चैतमा भने डढेलोको घटना थोरै मात्र घट्यो । मनसुन पूर्वनै औसतभन्दा बढी वर्षा भएकाले अघिल्लो वर्षको सोही अवधिको तुलनामा गत चैतमा डढेलोका घटनामा गिरावट आएको हो ।

वन तथा भू-संरक्षण विभागले उपलब्ध गराएको तथ्याङ्कअनुसार २०७८ चैतमा ४६६ वटा डढेलोका घटना दर्ता भएका थिए । यो सङ्ख्या २०७९ चैतमा घटेर २६७ मा झरेको थियो । २०८० चैतमा २४९ र २०८१ चैतमा पुनः बढेर ३३१ पुगेको थियो । २०८२ चैतमा भने हालसम्मकै थोरै ७९ वटा मात्रै डढेलाका घटना दर्ता भएका छन् ।

समग्रमा २०७८ मा दुई हजार १६२ वटा डढेलोका घटना भएकामा २०७९ मा एक हजार २७० मा झरेको थियो । २०८० मा दुई हजार ५५ र २०८१ मा तीन हजार ४७ पुगेको थियो । २०८२ मा भने ४२४ वटा घटना दर्ता भएका छन् ।

स्रोत : रातोपाटी

# पानीको मूल्य बढाउने महासंघको घोषणा

काठमाडौं : नेपाल पानी उद्योग महासंघले प्रशोधित पिउने पानीको मूल्य समायोजन (वृद्धि) गर्ने निर्णय गरेको छ । कच्चा पदार्थको मूल्यमा भएको भारी वृद्धि र ढुवानी खर्च बढेका कारण पुरानै मूल्यमा उद्योग सञ्चालन गर्न नसकिने भन्दै महासंघले मूल्य बढाउने निर्णय गरेको हो ।

आज एक प्रेस विज्ञप्ति जारी गर्दै महासंघले हाल पानी उद्योगमा प्रयोग हुने बोतल, क्याप, र्‍यापिङ रोल, जार र जार क्याप लगायतका कच्चा पदार्थको मूल्यमा करिब ४० प्रतिशतसम्म वृद्धि भएको जनाएको छ । साथै, पेट्रोलियम पदार्थको मूल्यवृद्धिका कारण ढुवानी लागत पनि उल्लेख्य रूपमा बढेको महासंघको भनाइ छ ।

पछिल्लो समय विकसित अन्तर्राष्ट्रिय परिस्थिति, विशेषगरी इरान-इजरायल तनाव र इरान-अमेरिका सम्बन्धका कारण विश्व बजार र आपूर्ति प्रणालीमा परेको प्रभावले नेपालका पानी उद्योगहरू समेत प्रत्यक्ष प्रभावित भएको महासंघले उल्लेख गरेको छ ।

विज्ञप्तिमा भनिएको छ, ’यो कुनै नाफामूलक निर्णय नभई बढेको उत्पादन लागत, ढुवानी खर्च र कच्चा पदार्थको मूल्यवृद्धिका कारण सिर्जित बाध्यात्मक परिस्थिति हो । उद्योगको दिगोपन, गुणस्तर कायम र नियमित आपूर्तिका लागि लागतको अनुपातमा मूल्य समायोजन गर्नु अहिलेको अपरिहार्य आवश्यकता बनेको छ ।’

महासंघले सरकारसँग उद्योग सञ्चालनलाई सहज बनाउन, कच्चा पदार्थको उपलब्धता सुनिश्चित गर्न र ढुवानी लागत नियन्त्रणका लागि आवश्यक कदम चाल्न माग गरेको छ । महासंघका महासचिव ध्रुव प्रसाद अधिकारीद्वारा जारी विज्ञप्तिमा उपभोक्ता, वितरक र सरोकारवाला निकायलाई यो बाध्यात्मक परिस्थितिलाई बुझिदिन र सहयोग गर्न अपिल समेत गरिएको छ ।

स्रोत : रातोपाटी ।

## बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक**

## हार्दिक श्रद्धाञ्जली



जन्म : १९९९

स्वर्गारोहण : २०८२/१२/३०

**स्व. गुणलक्ष्मी शाक्य**

लोकेश्वर सना गुठीका सदस्य श्री हितरत्न शाक्य ज्यूको ममतामयी आमा गुणलक्ष्मी शाक्यको मिति २०८२ चैत ३० गते सोमबारका दिन निधन भएको खबरले हामी मर्माहत भएका छौं । आज सातौं दिनको पूण्यतिथिमा स्वर्गीय आमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**लोकेश्वर सना गुठी परिवार**
हेटौंडा, मकवानपुर




## हार्दिक श्रद्धाञ्जली



जन्म : १९९२/०४/१४

**स्व. सीतादेवी कँडेल**

स्वर्गारोहण : २०८२/१२/२७

यस निर्मल बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख सुवासचन्द्र कँडेलकी ममतामयी आमा सीतादेवी कँडेलको निधनको खबरले हामी मर्माहत भएका छौं । दुखको यस घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै स्वर्गीय आमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

रामममणि बर्तौला
सहायक क्याम्पस प्रमुख

राजकुमार भेटवाल
अध्यक्ष, क्याम्पस सञ्चालक समिति

**एवम् निर्मल बहुमुखी क्याम्पस परिवार**
**हेटौंडा-१९, बस्तीपुर**

# 'धेरै पालिकामा शिक्षा शाखा नै कमजोर छ'

**विद्यालय शिक्षामा राज्यको ठूलो लगानी छ । राज्यसँगै निजी क्षेत्रको पनि ठूलो लगानी छ । तर, विद्यालय शिक्षा सन्तोषजनक छैन । ठीक विपरित विद्यालय शिक्षा चिन्ताजनक अवस्थामा छ । विद्यालय शिक्षा आधारभूत रुपमा पनि असाध्यै कमजोर छ । विद्यालय शिक्षाको सुधारकै लागि अभियन्ताको रुपमा क्रियाशील अभिषेक घिमिरेसँग समृद्ध समाज राष्ट्रिय दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानीको सम्पादित अंश :**




**अभिषेक घिमिरे**
**शैक्षिक अभियन्ता**

**समाज : तपाईं अहिले कुन-कुन क्षेत्रमा व्यस्त हुनुहुन्छ ? पछिल्लो समय तपाईंको अभियानको प्राथमिकता के बनेको छ ?**
**घिमिरे :** अहिले म शिक्षा सुधारसँग सम्बन्धित तीन तहमा काम गरिरहेको छु। पहिलो, नीति र दस्तावेजीकरणको काम। फिल्डबाट आएका अनुभव, मन्त्रालयमा बसेर देखेका नीतिगत कमजोरी र सफल अभ्यासहरूलाई एउटै दस्तावेजमा ल्याउने प्रयास। दोस्रो, स्थानीय तहसँग प्रत्यक्ष संवाद। शिक्षक, विद्यार्थी, अभिभावक र जनप्रतिनिधिसँग निरन्तर फिडब्याक संकलन। तेस्रो, सरकारलाई लक्षित गरेर व्यावहारिक सुधार प्रस्ताव तयार गर्ने काम। मैले मन्त्रालयमा बसेर नीति बनाउने अवसर पाएँ र धेरै वर्ष फिल्डमा काम गरेँ। यी दुई अनुभव जोड्दा मलाई स्पष्ट देखिन्छ, नीति र वास्तविकताको बीचमा ठूलो खाडल छ। अहिले मेरो काम त्यो खाडल बुझाउने र कम गर्ने दिशामा केन्द्रित छ।

**समाज : नयाँ सरकार बनेको छ। शिक्षा सुधारको सम्भावनालाई तपाईं कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**
**घिमिरे :** यो समय अत्यन्त संवेदनशील र निर्णायक हो। अहिले शिक्षा क्षेत्रमा असन्तोष मात्र होइन, ठुलो सामाजिक दबाव पनि छ। जनताले अब भाषण होइन, परिणाम खोजिरहेका छन्। यदि अहिलेको अवसर गुमाइयो भने यो पुस्तासम्म सुधार पछाडि धकेलिन सक्छ। तर अर्कोतर्फ यो नै सबैभन्दा ठुलो अवसर पनि हो। किनभने जनमत परिवर्तन भइसकेको छ। अब प्रश्न के हो भने राज्य संयन्त्रले यो जनअपेक्षालाई नीति, संरचना र कार्यान्वयनमा बदल्न सक्छ कि सक्दैन ?

**समाज : तपाईंको दीर्घ अनुभवका आधारमा विद्यालय शिक्षाका मुख्य समस्याहरू के-के हुन् ?**
**घिमिरे :** म यसलाई केवल समस्या होइन, संरचनागत संकट भन्न चाहन्छु। तीन प्रमुख बुँदामा बुझ्दा राम्रो हुन्छ।

(क) असन्तुलित विद्यालय संरचना र अव्यवस्थित समायोजन : नेपालमा विद्यालयहरूको स्थापना आवश्यकताभन्दा बढी सहज तरिकाले भयो। पहिले गाउँ-गाउँमा विद्यालय खोल्ने लहर थियो। त्यो बेला आवश्यकता थियो पनि होला। तर अहिले परिस्थिति बदलिएको छ। जनसंख्या घट्दै गएको छ। बसाइँसराइ बढेको छ। ग्रामीण विद्यालयहरू खाली हुँदै गएका छन्। शहरमा अत्यधिक चाप छ। यसले गर्दा एउटै प्रणालीभित्र दुई विपरीत अवस्था देखिन्छ। कतै विद्यालय टिकाउनै कठिन, कतै विद्यार्थी अटाउनै गाह्रो। विद्यालय समायोजन अझै पनि प्रभावकारी रूपमा लागू हुन सकेको छैन।

(ख) शिक्षक व्यवस्थापनको गम्भीर असमानता : शिक्षक दरबन्दी वैज्ञानिक रूपमा मिलेको छैन। कतै आवश्यकभन्दा धेरै शिक्षक छन्, कतै अत्यन्तै कम। त्यससँगै विभिन्न प्रकारका शिक्षक सेवा संरचना, असमान तलब र सुविधा, अनिश्चित करियर पथ, कमजोर प्रोत्साहन प्रणाली, यी सबैले शिक्षकको मनोबलमा असर गरेको छ। शिक्षकको क्षमताभन्दा बढी समस्या प्रणालीगत हो।

(ग) स्थानीय तहमा शिक्षा व्यवस्थापनको कमजोरी र राजनीतिक प्रभाव : संविधानले शिक्षा स्थानीय तहलाई दिए पनि कार्यान्वयन सबै ठाउँमा समान छैन। कतिपय पालिकामा शिक्षा प्राथमिकतामा छैन। नेतृत्व कमजोर छ। प्राविधिक जनशक्ति अपर्याप्त छ। कतिपय ठाउँमा भने अत्यधिक राजनीतिक हस्तक्षेप छ। निर्णय क्षमता व्यक्तिगत स्वार्थमा आधारित छ। यसले शिक्षा प्रणालीलाई अस्थिर बनाएको छ।

**समाज : पालिकाहरूलाई जिम्मेवारी दिइएको छ, तर परिणाम किन मिश्रित देखिन्छ ?**
**घिमिरे :** मुख्य समस्या क्षमता, दृष्टिकोण र संरचनामा छ। धेरै पालिकामा शिक्षा शाखा नै कमजोर छ। कतिपय ठाउँमा एक-दुई जना कर्मचारीले सयौं विद्यालय सम्हालिरहेका छन्। यस्तो अवस्थामा नियमित अनुगमन सम्भव हुँदैन। विद्यालयको वास्तविक अवस्था बुझ्न गाह्रो हुन्छ। शिक्षक मूल्यांकन प्रणाली कमजोर हुन्छ। अर्को ठूलो समस्या भनेको शिक्षा 'दीर्घकालीन लगानी' हो भन्ने बुझाइको कमि हो। धेरै पालिकाले तत्काल देखिने पूर्वाधारलाई प्राथमिकता दिन्छन्।

**समाज : संघीय सरकारले अब के गर्नुपर्छ ?**
**घिमिरे :** संघीय सरकारले पालिकालाई छोड्ने होइन, मार्गदर्शन गर्ने संरचना बनाउनुपर्छ। चार मुख्य कुरा आवश्यक छ। न्यूनतम शैक्षिक गुणस्तर सूचक, अनिवार्य अनुगमन र मूल्यांकन प्रणाली, प्रदर्शनमा आधारित अनुदान, जवाफदेहीता सुनिश्चित गर्ने कानुनी संरचना। स्वायत्तता राम्रो कुरा हो, तर जवाफदेहीता बिना स्वायत्तता अराजकता बन्न सक्छ।

**समाज : असल अभ्यास भएका केही उदाहरणहरू बताइदिनुहोस्।**
**घिमिरे :** धेरै उत्साहजनक उदाहरण छन्। कतिपय पालिकाले ५ देखि १० वर्षे शिक्षा रणनीति बनाएका छन्। प्रधानाध्यापकलाई खुला प्रतिस्पर्धाबाट नियुक्त गरेका छन्। विद्यालय समायोजन सफलतापूर्वक लागू गरेका छन्। मैले काम गरेका केही ठाउँमा विद्यालय बन्द हुने अवस्थाबाट पुनर्जीवित भएका छन्। विद्यार्थी संख्या उल्लेखनीय रूपमा बढेको छ। समुदाय विद्यालयसँग पुनः जोडिएको छ। यो सबैले के देखाउँछ भने समस्या स्रोतको होइन, व्यवस्थापनको हो।

**समाज : तपाईंका अभियानका केही ठोस उदाहरण दिनुहोस्।**
**घिमिरे :** विराटनगरका केही विद्यालयमा हामीले काम गर्दा अवस्था अत्यन्त कमजोर थियो। २-३ जना विद्यार्थी मात्र थिए। अहिले ती विद्यालयमा सयौं विद्यार्थी छन्। कतिपय विद्यालयमा समुदायले विश्वास गुमाइसकेको थियो। तर शिक्षक, अभिभावक र स्थानीय सरकारलाई जोडेर काम गरेपछि त्यो विश्वास पुनः फर्किएको छ। सर्लाही र ताप्लेजुङका पालिकामा १० वर्षे योजना लागू गरेपछि एक वर्षमै सिकाइ उपलब्धि बढेको छ। खेलकुद र अतिरिक्त गतिविधिमा पनि ठूलो सुधार देखिएको छ।

**समाज : यो अभियानको आर्थिक पक्ष कसरी व्यवस्थापन हुन्छ ?**
**घिमिरे :** हाम्रो अभियान कुनै व्यावसायिक संस्था होइन। कुनै अनुदान लिइँदैन। कुनै बाह्य फण्डमा निर्भरता छैन। कुनै शुल्क प्रणाली छैन। धेरैजसो काम पालिकाको अनुरोधमा हुन्छ। कतिपय संवेदनशील अवस्थामा मात्र व्यक्तिगत सहयोग र सरसापटबाट काम गरिएको छ। हाम्रो उद्देश्य स्पष्ट छ सुधार, नाफा होइन।

**समाज : सबै ठाउँमा सुधार सम्भव हुन्छ ?**
**घिमिरे :** होइन। सबै ठाउँमा एउटै अवस्था हुँदैन। कतिपय ठाउँमा अत्यन्तै उत्साह हुन्छ। सुधार छिटो देखिन्छ। कतिपय ठाउँमा केवल अपेक्षा हुन्छ। जिम्मेवारी अरूले गरिदियोस् भन्ने मानसिकता हुन्छ। त्यसैले सुधार केवल संरचना होइन, मानसिकता पनि हो।

**समाज : अब अन्त्यमा तपाईंको स्पष्ट रोडम्याप के हो ?**
**घिमिरे :** म तीन चरणमा देख्छु। पहिलो चरण १ वर्षको हुन्छ। संरचनागत जग। शिक्षा ऐन सुधार, शिक्षक दरबन्दी मिलान, विद्यालय समायोजन, प्रधानाध्यापक नियुक्ति सुधार। दोस्रो चरण २ वर्षको हुनेछ, कार्यान्वयन र निगरानी। कक्षाकोठाको सुधार, शिक्षक तालिम, नियमित अनुगमन, संघ-पालिका समन्वय मजबुत बनाउने। तेस्रो चरण ३ वर्षको हुनेछ, उत्कृष्टता निर्माण। सामुदायिक विद्यालयलाई प्रतिस्पर्धी बनाउने, गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने, अभिभावकको विश्वास पुनः स्थापित गर्ने।

**समाज : अन्त्यमा तपाईंको सन्देश के हो ?**
**घिमिरे :** शिक्षा केवल सरकारको जिम्मेवारी होइन, सबैको साझा जिम्मेवारी हो। शिक्षक, अभिभावक, विद्यार्थी, जनप्रतिनिधि सबै मिलेर मात्रै सुधार सम्भव छ। यदि हामीले शिक्षा सुधारलाई अभियान बनायौं भने मात्र परिणाम देखिन्छ। होइन भने, यो केवल बहसमै सीमित रहन्छ।

# पारिजात स्मृति दिवस मनाइयो



पारिजातको प्रतिमा अगाडि पारिजातकै रचना वाचन गरिँदै ।

समाज संवाददाता

हेटौँडा : साहित्यकार पारिजातको स्मृति दिवसको अवसरमा हेटौँडा-१०, बसपार्कमा रहेको पारिजातको प्रतिमामा माल्यार्पण गरिएको छ। साहित्य सङ्गम मकवानपुर तथा हेटौँडा-१० स्थित आदर्श टोल विकास संस्थाको संयुक्त आयोजनामा भएको कार्यक्रममा हेटौँडा उपमहानगरपालिका वडा नम्बर १० का अध्यक्ष फुर्वा दोर्जे लामाले माल्यार्पण गर्नुभएको हो।

कार्यक्रममा साहित्यकार सुवास सजलले पारिजातका प्रतिनिधी कविताहरु वाचन गर्नुभएको थियो। कार्यक्रमका सहभागीले नेपाली साहित्यमा पारिजातको योगदानको चर्चा गर्नुभएको थियो। साहित्य सङ्गम मकवानपुरका उपाध्यक्ष मनोज पोखरेलको सभाध्यक्षतामा भएको कार्यक्रममा साहित्यकारहरु एवम् साहित्यप्रेमीको उपस्थिति रहेको थियो।

नेपाली साहित्यमा पारिजात नामले परिचित विष्णु कुमारी वाइबाको जन्म १९९४ सालमा दार्जिलिङमा भएको थियो। भारतमा जन्मिए पनि पढाइ तथा साहित्यमा मलजल गर्ने काम २०११ सालमा नेपाल आएपछि सुरु भयो। पारिजातले काठमाडौंको पद्मकन्या क्याम्पसबाट स्नातक तहसम्म अध्ययन पुरा गर्नुभयो। उहाँको शिरिषको फुल सबैभन्दा चर्चित उपन्यास हो। यस कृतिका लागि पारिजातले २०२२ सालमा मदन पुरस्कार जित्दै पहिलोपटक मदन पुरस्कार जित्ने महिला साहित्यकारको पहिचान बनाउनुभएको थियो।

यतिमात्र नभएर यस उपन्यास विभिन्न भाषामा अनुवाद गरी विश्वका विभिन्न विश्वविद्यालयहरुमा पठनपाठनमा समेत समावेश गरिएको छ। पारिजातले उपन्यास बाहेक कविता, कथा, जीवनी तथा संस्मरण समेत प्रकाशन गर्नुभएको छ। विभिन्न विधामा एकैसाथ कलम चलाउनुभएकी पारिजातको २०५० बैशाख ५ गते निधन भएको थियो।

# जिल्ला प्रशासनमा एकद्वार सेवा प्रणाली

काठमाडौं: गृह मन्त्रालयले सेवा प्रवाहलाई थप प्रभावकारी र नागरिकमैत्री बनाउन देशभरका जिल्ला र इलाका प्रशासन कार्यालयलाई 'एकद्वार सेवा प्रणाली' लागू गर्नेसहितको नौबुँदे निर्देशन जारी गरेको छ। मन्त्रालयले चालु आर्थिक वर्षको बजेटबाटै एकद्वार प्रणाली लागू गर्ने प्रबन्ध मिलाउन र आगामी वर्षका लागि आवश्यक न्यूनतम बजेट माग गर्न प्रशासन कार्यालयहरूलाई भनेको छ।

प्रमुख जिल्ला अधिकारीहरू (सिडिओ) लाई सरकारको प्रतिनिधिको रूपमा शान्ति सुरक्षा कायम गर्ने, जनताको जिउधनको संरक्षण गर्ने र सार्वजनिक सेवा तथा सुशासनमा महत्वपूर्ण भूमिका निर्वाह गर्न मन्त्रालयले स्मरण गराएको छ। गृहमन्त्री सुधन गुरुङले पदबहाली गरेकै दिन प्रशासन कार्यालयहरूबाट दिइने सेवा एकद्वार प्रणालीबाट गर्ने व्यवस्था मिलाउन निर्देशन दिएका थिए।

गत चैत १३ गते मन्त्रिपरिषद्बाट स्वीकृत 'शासकीय सुधारका १०० कार्यसूची' मा पनि सार्वजनिक सेवामा नागरिकको विश्वास जित्ने गरी काम गर्नुपर्ने उल्लेख छ। सोही मर्मअनुसार मन्त्रालयले सचिवस्तरीय निर्णय गर्दै केही जिल्लामा लागू भएका टोकन प्रणाली, नागरिक सुनुवाइ, अनलाइन सिफारिस र निःशुल्क सहायता कक्षजस्ता नवप्रवर्तनात्मक अभ्यासलाई सबैतिर संस्थागत गर्दै एकद्वार सेवा प्रणाली तत्काल लागू गर्न निर्देशन दिएको हो।

(स्रोत: अनलाइनखबर)

# स्थानीय तहको सिमाना र संख्या हेरफेरको मस्यौदा तयार

समाज संवाददाता

काठमाडौं: सरकारले गाउँपालिका, नगरपालिका र वडाहरूको संख्या तथा सिमाना हेरफेर गर्ने प्रक्रियालाई व्यवस्थित बनाउन नयाँ मापदण्डको मस्यौदा तयार पारेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको 'गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर, एक आपसमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकनसम्बन्धी मापदण्ड, २०८३' को प्रारम्भिक मस्यौदामा यसको स्पष्ट प्रक्रिया तोकिएको छ।

कुनै पनि स्थानीय तह वा वडाको सिमाना र संख्या परिवर्तन गर्न वा दुईवटा पालिका गाभ्न मुख्यतया चारवटा चरणहरू पार गर्नुपर्ने प्रस्ताव मस्यौदामा गरिएको छ। स्थानीय तहको सिमाना वा संख्या हेरफेर गर्न आवश्यक छ वा छैन भनेर अध्ययन गर्न जिल्लामा एउटा समिति बन्नेछ। जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा बन्ने यो समितिमा सम्बन्धित पालिकाका उपप्रमुख, नापी र मालपोत कार्यालयका प्रमुखसँगै जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलगायत रहनेछन्। यो समितिले जनसंख्या, भूगोल, सुविधालगायतका आधारमा अध्ययन गरी तीन महिनाभित्र सम्बन्धित स्थानीय तहलाई प्रतिवेदन बुझाउनुपर्नेछ।

समितिले अध्ययन प्रतिवेदन दिइसकेपछि सिमाना वा संख्या हेरफेर गर्ने प्रस्तावलाई सम्बन्धित गाउँसभा वा नगरसभामा लगिनेछ। उक्त प्रस्ताव पास हुनका लागि सभामा तत्काल कायम रहेका कुल सदस्य संख्याको दुई तिहाइ बहुमत आवश्यक पर्छ। दुई तिहाइले पारित गरेपछि उक्त प्रस्ताव प्रदेश सरकारसमक्ष पठाइनेछ।

स्थानीय तहबाट दुई तिहाइले पारित भएर आएको प्रस्ताव प्रदेश सरकारले अध्ययन गर्नेछ। यदि उक्त प्रस्तावमा तोकिएका मापदण्ड र आधारहरू पूरा भएको देखिएमा प्रदेश सरकारले निर्णयसहित संघीय मामिला मन्त्रालयमार्फत नेपाल सरकारलाई सिफारिस गरेर पठाउनेछ।

प्रदेश सरकारबाट सिफारिस भएर आएपछि संघीय मामिला मन्त्रालयले त्यसको अध्ययन गर्नेछ। अन्त्यमा, मन्त्रालयले उक्त सिमाना वा संख्या हेरफेरको प्रस्तावलाई अन्तिम स्वीकृतिका लागि नेपाल सरकारको मन्त्रिपरिषद् बैठकमा पेस गर्नेछ। मन्त्रिपरिषद्ले पास गरेपछि मात्र सिमाना वा संख्या हेरफेरको निर्णय लागू हुनेछ।

यसरी स्थानीय तहको सिमाना र संख्या हेरफेर गर्न पहिले विज्ञसहितको टोलीले अध्ययन गर्नुपर्छ भने त्यसपछि स्थानीय तहले दुई तिहाइबाट पास गर्छ। त्यसलाई प्रदेश सरकारले सिफारिस गरेपछि र अन्त्यमा संघीय सरकारले स्वीकृति दिएपछि मात्र पालिका वा वडाको सिमाना र संख्या हेरफेर हुन्छ।

यद्यपि यो मस्यौदामा सुझाव दिन मन्त्रालयले सातै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ३ दिनको समय तोकेर ३ वैशाखमा परिपत्र जारी गरेको छ। प्रदेशबाट प्राप्त सुझावमा आधारमा यो मस्यौदा संशोधन पनि हुनसक्छ। (स्रोत: अनलाइनखबर)

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
The Voice of Community

# गजल मञ्चको 'गजल यात्रा-५' विमोचन



गजल वाचन गर्नुहुँदै साहित्यकार ।

समाज संवाददाता

हेटौँडा : गजल मञ्च मकवानपुरको प्रकाशनमा गजलहरुको संग्रह 'गजल यात्रा-५' को विमोचन गरिएको छ। गजल मञ्च मकवानपुरको २२ औं स्थापना दिवस तथा २३५औं गजल यात्राको अवसरमा शनिबार गजल संग्रह विमोचन गरेको हो। गजल संग्रहमा नेपाली गजलको इतिहासबारे साहित्यकार निमेष निखिलको कार्यपत्रको आलेखसहित विभिन्न गजलकारहरुको रचना समावेश गरिएको छ।

साहित्यकार तुलसी घिमिरे, श्यामप्रसाद न्यौपाने, केशव तौजले, दीपक गौतम, श्रीराम अधिकारी, केशव समर्पण, सुनिल गौतम, डीबी बर्तौला, दुर्गा लामिछाने लगायत नवसर्जकसहित ४१ जनाको गजलहरु समावेश गरिएको छ। २०६१ सालमा स्थापना भएको गजल मञ्च मकवानपुरले यसअघि २०६६ सालमा दीपक गौतम अध्यक्ष हुँदा गजल यात्रा-१, गौतमकै नेतृत्वमा २०६८ सालमा गजल यात्रा-२ प्रकाशन भएको थियो। यस्तै २०७८ सालमा अध्यक्ष देवराज तिवारीको नेतृत्वमा गजल यात्रा-३ प्रकाशन भएको र २०८० सालमा अध्यक्ष केशव समर्पणको नेतृत्वमा गजलयात्रा-४ प्रकाशन गरिएको थियो।

नियमित गजल यात्राको अवसरमा मञ्चमा आजीवन सदस्यहरुलाई परिचयपत्र वितरण गरिएको छ। यस्तै कार्यक्रममा गजल वाचन तथा गीत प्रस्तुत गरिएको थियो। मकवानपुरे साहित्यकार डा. निमेष निखिलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा साहित्यकार तुलसी घिमिरेको विशेष आतिथ्य रहेको थियो।

गजल मञ्च मकवानपुरका अध्यक्ष संजित श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा साहित्यकारहरु देवराज तिवारी, रमेशमोहन अधिकारी, डा. जगदीश चन्द्र बराल, देवराज खरेल लगायतको उपस्थिति रहेको थियो।


## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौं।

**प्रो. ज्योति रत्न बज्राचार्य**
सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४



## वितरक चाहियो

समृद्ध समाज राष्ट्रिय दैनिकका लागि हेटौँडा बजार क्षेत्रमा पत्रिका वितरणका लागि वितरक आवश्यक भएकोले तपसील बमोजिमको काम गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

पद : पत्रिका वितरक।
संख्या : ३ (तीन) जना।
काम गर्नुपर्ने समय : बिहान ६ बजेदेखि ८ बजेसम्म।
पारिश्रमिक : संस्थाको नियमानुसार।
प्राथमिकता : अनुभवी, साइकल भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ।

सम्पर्क : ०५७-५२६८३०
**समृद्ध समाज राष्ट्रिय दैनिक**
हेटौँडा-४, मकवानपुर



## हेटौँडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
**हेटौँडा रिफरेन्स ल्यावरोटरी**
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



## प्रशिक्षार्थी पत्रकारका लागि आवेदन आव्हान

हेटौँडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकका लागि प्रशिक्षार्थी पत्रकार आवश्यक भएकोले तपसील बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट आवेदन आव्हान गरिन्छ।

पद : प्रशिक्षार्थी पत्रकार।
संख्या : केही।
शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण। स्नातक तह अध्ययनरतलाई प्राथमिकता।
प्रशिक्षार्थी अवधि : ३ महिना। पहिलो महिना निशूल्क प्रशिक्षण अवधि रहनेछ भने कार्यसम्पादनका आधारमा दोस्रो र तेस्रो महिना आंशिक सुविधा प्राप्त हुनेछ। चौथो महिनादेखि पूर्णकालिन रोजगारीको अवसर रहनेछ।
समाचार अध्ययन, समाचार लेखन तथा प्रस्तुतीमा रुचि भएकाहरुलाई विशेष ग्राह्यता।
आवेदन दिने अन्तिम मिति : २०८३/०१/१० गते।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :**
- हस्तलिखित निवेदन।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि।
- पासपोर्ट साइजको फोटो २ प्रति।

**समृद्ध समाज राष्ट्रिय दैनिक**
हेटौँडा-४, मकवानपुर सम्पर्क : ०५७-५२६८३०


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ